वर्ष ९, अंक ४
जेठ/असार, २०७५, June, 2018

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

**प्रिय मित्रहरू,**



सातौं परिषद्को कार्यकाल तथा मेरो एक बर्षे कार्यकाल आ.व २०७४/७५ को समाप्तीसंगै सम्पन्न हुंदै छ । यस घडिमा अध्यक्षको हैसियतमा मेरो कार्यकालमा भएका संस्थाका क्रियाकलापहरूको सारांश सहित मेरो मन्तव्य यहाँहरू वीच राख्न चाहन्छु । मैले संस्थाको अध्यक्षको हैसियतमा जिम्मेवारी लिए पश्चात सेप्टेम्बर २०१७ खवरपत्रको संस्करण मार्फत नयाँ कार्यहरूको शुरूआत गर्ने प्रतिवद्धता व्यक्त गरेको थिएँ । आफ्नो एक बर्षे कार्यकाल सफलताका साथ सम्पन्न गर्न पाउँदा मलाई खुसी लागेको छ । मेरो कार्यकालमा सम्पन्न हुन नसकेका र कार्यान्वयन चरणमा रहेका केही महत्वपूर्ण कार्यहरू आठौं परिषदको नेतृत्वले सम्पन्न गर्ने छ । मेरो कार्यकालमा भएका विविध क्रियाकलापहरू तथा उपलब्धीहरूको बारेमा जर्नल, न्यूजलेटर र ई न्यूज मार्फत जानकारी उपलब्ध गराईएको भएतापनि सो सम्बन्धी संक्षिप्त जानकारीहरू यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**आठौं परिषद्को निर्वाचन :** संस्थाको आठौं परिषद्को निर्वाचन जून २०१८ मा सफलताकासाथ सम्पन्न भएको जानकारी गराउँदछु । अध्यक्ष तथा उपाध्यक्षको निर्वाचनबाट क्रमशः निवार्चित हुनुहुने सिए. जगन्नाथ उपाध्यय निरौला र सिए. कृष्ण प्रसाद आचार्य लाई बधाई दिन चाहन्छु । त्यस्तै आठौं परिषद्मा निर्वाचित हुनुहुने सम्पूर्ण पार्षदहरूलाई बधाई तथा स्वागत गर्न चाहन्छु र नयाँ परिषद् संस्थालाई थप उचाईमा पुऱ्याउन, रचनात्मक कार्यहरू गर्न सफल हुनेछ भन्ने आशा गर्दछु । मेरो कार्यकालमा उपाध्यक्षको भूमिकामा संस्थाको विकासको निमित्त महत्वपूर्ण योगदान पुऱ्याउनु हुने सिए. जगन्नाथ उपाध्याय निरौलालाई धन्यवाद दिन चाहन्छु ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

राष्ट्रको लेखाव्यवसायको विकासको लागि विश्वमा आएको परिवर्तनको कारण क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लेखाव्यवसायी संस्थाहरूसंग आपसी सहयोग, समझदारी, ज्ञान तथा अनुभव आदान प्रदान, क्षमता अभिबृद्धि आवश्यक भएकोले तत्सम्बन्धमा भए गरेका क्रियाकलाप बारेमा यहाँहरूलाई अवगत गराउन चाहन्छु ।

**SAFA, CAPA स्तरीय कार्यक्रम र अन्तर्राष्ट्रिय सम्मेलन :** अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा हाम्रो सहभागिताको अलावा संस्थाले अगष्ट २०१७, जनवरी/फेब्रुअरी २०१८ र मे २०१८ मा गरी काठमाडौंमा ३ वटा साफा स्तरीय कार्यक्रमहरूको अलावा दुईवटा अन्तर्राष्ट्रिय सम्मेलनहरू आयोजना गरेको थियो । त्यसैगरी, २०७५ बैशाख ३० गते पहिलो पल्ट CAPA स्तरीय वार्षिक साधरण सभा, सदस्यहरूको बैठक र बिभिन्न समिति बैठकहरू आयोजना गरेको थियो । सो अवसरमा CAPA को सहकार्यमा संस्था तथा PEFA सचिवालयले संयुक्त रूपमा सार्वजनिक वित्तीय व्यवस्थापन विषयमा अन्तर्राष्ट्रिय सम्मेलनको समेत आयोजना गरेको थियो ।

**ICAI र CIPFA संग समझदारी पत्रमा हस्ताक्षर :** संस्थाले अगष्ट २०१७ मा नेपाल तथा भारतका सम्माननीय प्रधानमन्त्रीहरूको समुपस्थितिमा ICAI संग र जनवरी २०१८ मा संस्था तथा CIPFA वीच सम्बन्ध सुदृढीकरण र आपसी सहयोगको सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको थियो । समझदारी पत्रमा हस्ताक्षर पश्चात आपसी सहयोग विस्तार सम्बन्धमा केही कार्यहरू अगाडि बढिसकेका छन् । संस्थाका सिए, आरए, ख तथा ग वर्गका सदस्यहरूको लागि CIPFA सदस्यता प्राप्तिको मार्ग खोलेको छ ।

**CA ANZ संग आपसी मान्यता (MRA) पत्रमा हस्ताक्षर :** संस्थाले मार्च २०१८ मा दुई संस्थाका सदस्यहरूले एक अर्काको सदस्यता लिन पाउने गरी Chartered Accountants Australia and New Zealand (CA ANZ) संग आपसी मान्यता पत्र (MRA) मा हस्ताक्षर सम्पन्न गरेको छ । यस हस्ताक्षरले अन्तर्राष्ट्रिय जगतमा हाम्रो पहिचानलाई मान्यता प्राप्त भएको छ ।

**AICPA र ICAEW संग को रणनैतिक बैठक :** संस्था र Association of International Certified Professional Accountants (AICPA)-USA वीच लेखाव्यवसायको क्षेत्रमा सम्भावित सहयोगका क्षेत्रका बारेमा बैठक बसी छलफल भएको थियो । त्यसैगरी Institute of Chartered Accountants in England and Wales (ICAEW) संग बिभिन्न बैठक गरि दुई संस्था वीच Twinning Arrangement, लेखापरीक्षण गुणस्तर आश्वस्तता र अन्य प्राविधिक सहयोगका क्षेत्रका बारेमा छलफल भएको थियो ।

**SAFA Quiz and Elocution Contest :** संस्थाले पहिलो पटक २०७४ माघ १६ गते काठमाडौंमा SAFA, IFAC, IAESB, CAPA तथा अन्य लेखाव्यवसायी संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा SAFA Quiz and Elocution Contest 2018 को संचालन गरेको थियो । यस प्रतियोगितामा साफामा आवद्ध लेखाव्यवसायी संस्थाका बिद्यार्थीहरूले सहभागिता जनाएका थिए । SAFA Quiz प्रतियोगितामा संस्थाका बिद्यार्थीहरूले प्रथम स्थान प्राप्त गरेका थिए ।

**SAFA Best Presented Annual Report Awards, 2016 र SAARC Anniversary for Corporate Governance Disclosure Ceremony, 2016 :** साफा स्तरीय कार्यक्रमहरूको घटकको रूपमा २०७४ माघ १७ गते संस्थाले SAFA Best Presented Annual Report Awards, SAARC Anniversary for Corporate Governance Disclosure Ceremony, 2016 आयोजना गरेको थियो ।

## संस्थागत क्रियाकलाप

### बीमा समितिका पदाधिकारीहरूसंग छलफल

संस्थाका अध्यक्ष सिए प्रकाश जंग थापाको नेतृत्वको टोलीले २०७४ चैत्र १८ गते बीमा समितिका अध्यक्ष श्री चिरन्जीवी चापागाई तथा समितिका पदाधिकारीहरूसंग भेट गरि बीमा क्षेत्रमा NFRS लागु गर्ने सम्बन्धमा विस्तृत छलफल गऱ्यो । संस्थाले जारी गरेको NFRS बीमा क्षेत्रमा लागु गराउन संस्थाले उपलब्ध गराउने सहयोगको वारेमा छलफल भएको थियो । बीमा समितिले बीमा कम्पनीहरूमा NFRS लागु गराउन समितिबाट जारी गरेका निर्देशनहरूमा आवश्यक संशोधन सहित नयाँ निर्देशन जारी गर्ने सहमति समेत भएको थियो । छलफल कार्यक्रममा संस्थाका तर्फबाट सहभागी टोलीका अन्य सदस्यहरूमा उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला र कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हा रहनु भएको थियो ।

### लेखापरीक्षणमान सम्बन्धी अन्तरक्रिया कार्यक्रम

संस्था र लेखापरीक्षणमान बोर्डको सहकार्यमा २०७५ बैशाख ७ मा International Standards on Auditing को खण्ड (Volume) २०१७ लाई आधार मानी तयार परिएको लेखापरीक्षणमान प्रयोगमा ल्याउँदा त्यसबाट पर्ने संभावित प्रभावका बारेमा छलफल गर्ने उद्देश्यले अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा सहभागीहरूले नेपाल लेखापरीक्षणमान प्रयोगको हालको अवस्थाका बारेमा आफ्नो धारणा राख्नुका साथै मानहरू लागु गर्दा उत्पन्न हुने विविध पक्षका बारेमा आ-आफ्नो विचार व्यक्त गरेका थिए ।

अन्तरक्रिया कार्यक्रममा संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा लगायत उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, निवर्तमान अध्यक्ष एवं लेखापरीक्षणमान कार्यान्वयन समितिका सभापति सिए. महेश खनाल, पूर्व अध्यक्ष एवं बोर्ड अफ स्टडिजका सभापति सिए. प्रकाश लम्साल, पार्षदहरू, लेखापरीक्षणमान कार्यान्वयन समितिका सदस्यहरू, कार्यकारी निर्देशकका साथै शिक्षा विभागका उपनिर्देशकको उपस्थिति रहेको थियो ।

### लेखापरीक्षण तथा अनुगमन सम्बन्धी अन्तरक्रिया कार्यक्रम

संस्थाले २०७५ बैशाख ७ र ८ गते क्रमशः बिराटनगर तथा जनकपुरमा छुट्टाछुट्टै दिनमा लेखापरीक्षण तथा अनुगमन सम्बन्धी अन्तरक्रिया संचालन गऱ्यो । Issues related to Auditing and Role of Monitoring Committee विषयक सो अन्तरक्रिया कार्यक्रमको संचालन पार्षद् एवं अनुगमन समितिका सदस्य आरए. गणेश राज राई र अनुगमन समितिका सदस्य सिए. रमेश नेपालको समुपस्थितिमा भएको थियो । कार्यक्रममा सहभागीहरूले संस्थाको अनुगमनको हालको अवस्था, संस्थाको अनुगमनको क्षेत्र र सहयोग साथै लेखापरीक्षण व्यवसायले व्यहोर्नु परेको चुनौती र तिनको निराकरणका सम्बन्धमा छलफल भएको थियो ।

### CIPFA संग पूरक समझदारी पत्रमा हस्ताक्षर

परिषदको २२३औं बैठकको निर्णय बमोजिम यस संस्था र CIPFA बीचको साविकमा भएको समझदारी पत्र (Memorandum of Understanding - MoU) मा २०७५ बैशाख ३० गते (13 May, 2018) काठमाडौंमा पूरक समझदारी पत्र (Supplementary Memorandum of Understanding - MoU) मा संस्थाको तर्फबाट अध्यक्ष सिए प्रकाश जंग थापा र CIPFA को तर्फबाट CIPFA अन्तराष्ट्रिय मामिला प्रमुख Ms. Gillian Fawcett ले हस्ताक्षर गरी सम्झौता पत्रको आदान प्रदान गर्नुभयो । यो संझौताले दुई लेखाव्यवसायी संस्थाहरूको आपसी सम्बन्धमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**वैदेशिक ईकाईको स्थापना :** संस्थाले विदेशमा बस्ने संस्थाका सदस्यहरूको सहयोग तथा ब्राण्ड प्रमोशनको क्रममा मार्च २०१८ मा क्रमशः अष्ट्रेलिया र अमेरिकामा आफ्ना च्याप्टरहरू स्थापना गरेको छ । यी च्याप्टरहरू स्थापनाले सो क्षेत्रमा बसोबास गर्ने संस्थाका सदस्यहरूको नियमित बैठक, जानकारी आदान प्रदान, CPD संचालनको साथै संस्था र सदस्यहरू बीच आपसी सम्बन्ध र अन्य व्यावसायिक कार्यहरूमा सहयोग पुऱ्याउने आशा गरेको छु ।

## संस्थागत विकास र दीगोपना

मेरो कार्यकालमा सदस्यहरू, बिद्यार्थीहरू र अन्य सरोकारवालाहरूलाई प्रशासनिक सुधारको माध्यमबाट सक्दो सेवा दिने प्रयत्न स्वरूप निम्नानुसारका कार्यहरू सम्पन्न भएका छन् ।

**नियमावलीमा संशोधन :** संस्थाको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा यस वर्ष दुई पटक संशोधन भएको छ । प्रमुख संशोधनमा नियमावलीको पंजीकृत परीक्षार्थी सम्बन्धी नियम २५(१), लेखापरीक्षण गर्न पाउने हद सम्बन्धी नियम ५३ र उपाध्यक्षको पेशागत प्रमाणपत्र स्थगन सम्बन्धी नियम ६५(क) समावेश छन् ।

**ICAN ब्राण्डको प्रमोशन र संस्थाले प्रदान गर्ने सुबिधामा बृद्धि :** यस वर्ष संस्थाले मुख्य द्वारमा सुरक्षा पोष्ट निमार्ण, ATM मेशिनको जडान, नयां सर्भर जडान, लाईब्रेरीको स्तरोन्नोती आदि कार्य सम्पन्न गरेको छ । त्यस्तै, संस्थाको ब्रान्डिङ् प्रमोशन गर्ने क्रममा सिए शिक्षा सम्बन्धी Accountancy education day celebration, walkathon, education fair र देशका विभिन्न स्थानहरूमा विविध कार्यक्रमहरू आयोजना गरिएको थियो ।

**ICAN Web Site, ICAN Application, Knowledge Portal-Gateway and Research Initiative :** संस्थाले यस वर्ष Web Site को डिजाईनमा परिमार्जन गरेको छ र ICAN Application र Knowledge Portal को कार्यहरू पनि अन्तिम चरणमा पुगेको छ । त्यस्तै सदस्यहरू तथा बिद्यार्थीहरूको सहजताको लागि शुल्क भुक्तानी गर्न Nabil Bank Ltd संग २० जून २०१८ मा बिद्युतीय भुक्तानीको संम्झौता सम्पन्न भएको छ ।

## राष्ट्र निर्माणमा साझेदारी

**नेपाल सरकार PEFA सचिवालय र संस्थाको समझदारी पत्रमा हस्ताक्षर तथा सार्वजनिक वित्तीय व्यवस्थापन (PFM) सम्बन्धी कार्यक्रम :** नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनलाई सुदृढ बनाउन नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन रणनिति/कार्यक्रम-II (PFMRP-II) अन्तर्गत संस्थाको उपस्थितिलाई अन्तत मान्यता प्राप्त भए अनुरुप २०७५ असार ३१ गते नेपाल सरकार, पेफा सचिवालयसँग Multi Donor Trust Fund (MDTF) अन्तर्गत Public Financial Management Reform Strategy/ Program (PFMRP)–II अन्तर्गत संस्थाले गर्ने कामको लागि रू. ७ करोड ५५ लाखको सम्फौतापत्रमा हस्ताक्षर सम्पन्न भएको छ । सो रकम लेखाव्यवसायको विकास तथा नियमन, शैक्षिक विकास, NFRS Implementation र सार्वजनिक वित्त व्यवस्थापनको लागि खर्च गरिने छ । संस्थाले PEFA को सहकार्यमा PFM सम्बन्धी दुईवटा कार्यक्रम संचालन गरेको थियो जसमा नेपाल सरकारका उच्च तहका अधिकारीहरूको सहभागिता रहेको थियो ।

**सरकारी तथा नियमनकारी निकायहरूसंगको सम्बन्ध :** संस्थाले आफूलाई सरकारी तहमा सुदृढ रूपमा प्रस्तुत गर्न विभिन्न सरकारी निकायहरू, नियमन निकायहरू आदिमा भेटघाट, बैठक, कार्यक्रममा सहभागिता जनाउँदै आएको छ ।

**आन्तरीक राजस्व कार्यलयसंगको बैठक :** संस्थाका प्रतिनिधिहरूले आन्तरीक राजस्व बिभागका महानिर्देशक लगायत त्यस बिभागका उच्च अधिकारीहरूसंग लेखाव्यवसायसंग सम्बन्धित विविध विषय लगायत संस्थाका सदस्यको भूमिका सम्बन्धमा बिभिन्न बैठकमा छलफल गरेको थियो ।

**क्वालिटी एस्योरेन्स बोर्डद्वारा निर्देशिका जारी र गुणस्तर आश्वस्तता तथा नियमन सम्बन्धी अन्तरक्रिया कार्यक्रम :** क्वालिटी एस्योरेन्स बोर्डले निर्देशिका जारी गरि गुणस्तर आश्वस्तताको लागि लेखाव्यवसायी फर्महरूको अनुगमन तथा गुणस्तर परीक्षणको कार्य थालनी गरेको छ । यस कार्यको लागि संस्थाले प्राक्टिसिङ् युनिटको समेत स्थापना गरिसकेको छ । यस व्यवस्थाले व्यावसायिक क्षेत्रमा गुणस्तरीयता बृद्धि गर्ने अपेक्षा गरिएको छ ।

**व्यवसायको अनुगमन :** अनुगमनको कार्यलाई संस्थाले केन्द्र बिन्दुमा राखेको छ । संस्थाले देशव्यापी रूपमा अनुगमन तथा व्यवसायिकमानहरू र आचार संहिता, सदस्यको दायित्व, संस्थाको सदस्यहरूसंग जन अपेक्षा आदि सम्बन्धमा चेतनामूलक कार्यक्रमहरू संचालन गर्दै आएको छ ।

**लेखा शिक्षा दिवस तथा अन्तरक्रिया कार्यक्रम :** संस्थाले १० नोभेम्बर २०१७ मा पहिलो पटक लेखा शिक्षा दिवस विविध कार्यक्रमहरूको आयोजना गरि भव्यताका साथ मनाएको थियो । यसै शिलशिलामा सोही दिन आधा दिनको अन्तरक्रिया कार्यक्रमको समेत आयोजना गरेको थियो ।

## सदस्य सेवा तथा व्यावसायिक विकास

**नयाँ सदस्य दर्ता र प्रमाणपत्र वितरण कार्यक्रम :** आर्थिक बर्ष २०७४/७५ मा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ को दफा १६ अनुसार कूल १७२ जनाले संस्थाको सदस्यता प्राप्त गरेका छन् । संस्थाले मे २०१८ मा प्रथम पटक सदस्यता प्रदान गर्ने क्रममा औपचारिक रूपमा स्वागत कार्यक्रमको आयोजना गरि नयाँ सदस्यहरूलाई प्रमाणपत्र प्रदान गरेको थियो ।

**ई न्यूजको शुरूआत :** संस्थाको गतिविधि लगायत यसका नीति तथा कार्यक्रमहरू छिटो भन्दा छिटो सदस्यहरू बीच पुऱ्याउने उद्देश्यले प्रत्येक १५/१५ दिनमा ई न्यूज जारी गर्ने कामको थालनी गरेको छ ।

**बणिज्य बैंकहरूको शाखा लेखापरीक्षण :** विगत लामो समय देखिको संस्थाको प्रयास अनुरूप नेपाल राष्ट्र बैंकले आ.व. २०७५/७६ को मैद्रिक नीतिमा ठूला बाणिज्य बैंकका शाखा लेखापरीक्षण सम्बन्धमा व्यवस्था गरेको छ । यसको लागि आवश्यक पर्ने शाखा लेखापरीक्षण निर्देशिका तयार पार्न संस्थाले नेपाल राष्ट्र बैंकसंग सहकार्य गर्ने छ ।

**व्यावसायिक विकास तथा क्षमता अभिबृद्धि तालिम :** संस्थाले सदस्यहरूको क्षमता अभिबृद्धिको लागि बिभिन्न कार्यशाला गोष्ठी, सेमिनार, अनवरत व्यावसायिक शिक्षा, अन्तरक्रिया कार्यक्रम आदि नियमित रूपमा गर्ने क्रममा सदस्यहरूको क्षमता अभिबृद्धिको लागि ५ स्थानमा Data Analytics तालिम र १ स्थानमा NFRS for SMEs तालिम संचालन गरेको थियो ।

**सदस्य सुविधा र परोपकारी कोष :** संस्थाले आफ्ना सदस्यहरूलाई सुविधा प्रदान गर्ने उद्देश्यले नविल बैंकसंग क्रेडिट कार्ड सुविधाको लागि सम्झौता गरेको छ । यस संम्झौताको आधारमा सदस्यहरूले विशेष सुविधा सहित विशेष दरमा क्रेडिट कार्डको उपभोग गर्न सक्नेछन् । त्यस्तै सदस्यहरूको लागि परोपकारी कोषमा रू पाँच लाख जम्मा गरि कोष संचालनको काम अघि बढाएको छ । म सदस्यहरूलाई यस कोषमा स्वैच्छिक रूपमा योगदान पुऱ्याउनु हुन अनुरोध गर्दछु ।

**NSA २०१८ लागु :** संस्थाले लेखापरीक्षणमान बोर्डले IAASB को International Quality Control, Auditing, Review, Other Assurance र Related Service Pronouncement २०१६/१७ संस्करणलाई आधार मानि तयार गरेको NSA २०१८ लागु गर्ने भएको छ । NSA ७०१ बाहेक अन्य मानहरू श्रावण १, २०७५ बाट लागु हुने छन् ।

**आचार संहिता र निर्देशिका :** व्यावसायिक विकास र व्यावसायिकतामा सुदृढीकरण गर्दै समाजको लेखाव्यवसाय प्रतिको आकांक्षा र विश्वास अभिबृद्धि गर्न संस्थाले Revised Code of Ethics for Professional Accountants र आचार संहिता सम्बन्धी तीनवटा पूरक निर्देशिका Guidelines on Marketing Professional Services by Professional Accountants in Public Practices, Guidelines on Networks and Network Firm र Network Firms and Guidelines on Custody of Clients Money/ Assets श्रावण १, २०७५ देखि लागु हुने गरि जारी गरेको छ ।

**सी.पी.ई क्रेडिट अवरमा परिमार्जन :** संस्थाले २०७५ साउन १ गतेबाट लागु हुने गरि नवीकरण गर्दा अवश्यक पर्ने सी.पी.ई क्रेडिट आवर सम्बन्धमा परिमार्जन गरेको जानकारी गराउन चाहन्छु ।

## शैक्षिक विकासका प्रयासहरू

**सिए शिक्षाको पाठ्यक्रममा परिमार्जन :** संस्थाको परिषद्ले ICAEW संग गरको Twinning Arrangement अनुसार सिए शिक्षाको तीनवटै तहको पाठ्क्रममा परिमार्जन गर्न स्वीकृत प्रदान गरे अनुरूप तीन तहका १६ वटा कोर्षहरूमा परिमार्जनको काम शुरू भएको छ ।

**उत्कृष्ट बिद्यार्थीलाई छात्रबृत्ति :** संस्थाले नियमित छात्रबृत्तिको अलावा उत्कृष्ट बिद्यार्थीलाई २० प्रतिशत विशेष छात्रबृत्ति प्रदान गर्ने कामको शुरूआत गरेको छ । साथै शुल्क छुट तथा मिनाहाको व्यवस्थामा पनि परिमार्जन गरिएको छ ।

**बृहद् सिए. शिक्षा मेला :** संस्थाबाट सम्बन्धन प्राप्त संस्थाहरूसंगको सहकार्यमा २०७५ बैशाख ३१ गते काठमाडौंमा एक दिने वृहत सिए शिक्षा मेला आयोजना गरेको थियो । यस मेलाले सरोकारवालाहरूलाई सिए अध्ययन गर्न चाहिने आवश्यक योग्यता, सुविधा, भर्ना प्रक्रिया र सिए शिक्षा पूरा गरिसके पछि प्राप्त हुने वृत्ति विकासका अवसरहरूको वारेमा जानकारी प्रदान गरेको थियो ।

**ICAN Commerce Olympiad, ICAN Quiz and Elocution Contest**

संस्थाले वाणिज्य विषय प्रति युवा विद्यार्थीहरूको ज्ञान र उल्लेखित विषयमा विद्यार्थीहरूको क्षमता परीक्षणका साथै वाणिज्य शिक्षाको महत्व तर्फ युवा विद्यार्थीहरूलाई आकर्षित गर्न उच्च माध्यमिक तह र माध्यमिक तहका विद्यार्थीहरू अलग अलग रूपमा समावेश गरि राष्ट्रिय स्तरको ICAN Commerce Olympiad नेपालमा पहिलो पटक आयोजना गरेको थियो ।

त्यस्तै संस्थाले मिति २०७४ साल पौष २८ गते चार्टर्ड एकाउन्टेन्सी CAP III तहमा अध्यनरत विद्यार्थीहरू वीच हाजिरी जवाफ र वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको थियो ।

**अन्तर्राष्ट्रिय सिए बिद्यार्थी सम्मेलन :** संस्थाको सहयोगमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स बिद्यार्थी संगठनले मार्च १७, २०१८ मा काठमाडौंमा Lead the Profession, Lead the Nation नामक अन्तर्राष्ट्रिय सम्मेलन सफलताका साथ सम्पन्न गरेको छ ।

**बिद्यार्थी सुविधा :** संस्थाले पुस्तकालयमा थप सुविधा लगायत अनिवार्य सूचना प्रविधि तालिमको लागि संस्थाकै भवनमा तालिम कक्ष स्थापना गरेको छ ।

संस्थाको क्रियाकलापमा अध्यक्षको व्यापक सहभागिताको अपेक्षा गरि अध्यक्षको कार्यकाल भर पेशागत प्रमाणपत्र स्थगन हुने व्यवस्था अनुरुप मैले पेशागत प्रमाणपत्र स्थगनमा राखेको थिएं । मैले पेशागत प्रमाणपत्र स्थगन गरि निकै मिहेनतका साथ संस्थालाई सक्दो योगदान पुऱ्याउने प्रयास गरेको अनुभूत गरेको छु । मेरो प्रयासको बावजुद पनि समयाभावको कारण केही महत्वपूर्ण कार्यहरू सम्पन्न गर्न सकिएन । सम्पन्न गर्न नसकिएका कामहरूलाई नयाँ परिषद्ले सम्पन्न गर्नेमा म आशावादी छु ।

पार्षदहरू, बिभिन्न समितिका सदस्यहरूले मसँगै रही व्यवसायिकता प्रति आफ्नो दृष्टी र विचार मार्फत मेरो प्रयासलाई सफल तुल्याउन सहयोग पुऱ्याउनुभएकोमा यहाँहरूलाई धन्यवाद दिन चाहन्छु । मेरा अग्रजहरू (पूर्व अध्यक्षहरू)ले मलाई आवश्यक पर्दा विभिन्न क्षेत्रबाट सहयोग गर्दै सुझाव र सल्लाह प्रदान गर्नुभएको प्रति धन्यवाद ज्ञापन नगरी रहन सक्दिन । सरकार, नियमनकारी निकाय, बिद्यार्थी र समग्र सरोकारवालाहरूलाई निरन्तर सहयोगको निमित धन्यवाद दिन चाहन्छु । संस्थाका कार्यकारी निर्देशक, संस्थाको व्यवस्थापन समूह र कार्यकारी निर्देशकको नेतृत्वमा रहेको संस्थाका कर्मचारीहरूहरू प्रति मेरो कार्यकाल सफल पार्न गर्नुभएको प्रयास र योगदानको लागि धन्यवाद दिन चाहन्छु ।

अध्यक्षको हैसियतमा यो औपचारिक रूपमा मेरो अन्तिम मन्तव्य भएता पनि व्यावसायिक विकास तथा संस्थाको सेवाको लागि सदस्यको हैसियतमा पूर्ण रूपमा सहयोग गर्ने वाचा गर्न चाहन्छु ।

सिए. प्रकाश जंग थापा
अध्यक्ष

## गुणस्तर आश्वस्तता सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

क्वालिटी एस्योरेन्स बोर्डले मिति २०७५ जेठ ११ गते (25 May, 2018) काठमाडौमा गुणस्तर आश्वस्तता सम्बन्धी एक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा क्वालिटी एस्योरेन्स बोर्डका अध्यक्ष तथा सदस्यहरू, संस्थाका अध्यक्ष, उपाध्यक्ष तथा पार्षदहरू र सूचिकृत कम्पनीहरूको आ.व. २०७३/७४ को लेखापरीक्षण गर्ने लेखापरीक्षकहरूको सहभागिता रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै क्वालिटी एस्योरेन्स बोर्डका सभापति श्री रमेश राज सत्यालले क्वालिटी एस्योरेन्स बोर्डको संरचना, स्वतन्त्रता र प्राप्त अधिकारका बारेमा प्रकाश पार्नु भएको थियो । त्यसैगरी, संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाले गुणस्तर आश्वस्तता पुनरावलोकन सम्बन्धी सूचना प्रवाह गर्दै यसलाई सवलीकरण र संस्थागत गर्ने उद्देश्यले लेखापरीक्षकहरूको रचनात्मक सुझावहरू प्राप्त गर्न र सो उपर छलफल गर्नको लागि यस कार्यक्रमको आयोजना गरिएको जानकारी गराउनु भयो ।



गुणस्तर आश्वस्तता सम्बन्धी अन्तरक्रिया कार्यक्रमको एक झलक

सो कार्यक्रममा सह निर्देशक सिए. किरण कुमार खत्रीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा सहभागीहरू मध्ये केहीले गुणस्तर आश्वस्ततालाई प्रभावकारी बनाउन सहयोग पुग्ने खालका केही सुझावहरू पेश गर्नु भएको थियो ।

कार्यक्रममा सहभागीहरूबाट उठाइएका जिज्ञाशाहरूको संस्थाका उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला र क्वालिटी एस्योरेन्स बोर्डका सभापति श्री रमेश राज सत्यालले जवाफ दिनु भएको थियो । उक्त कार्यक्रममा ५० जना भन्दा बढी लेखापरीक्षकहरूको सहभागिता रहेको थियो ।

## नेपाल लेखापरीक्षणमान २०१८ सम्बन्धमा

Auditing Standards Implementation Committee र लेखापरीक्षणमान बोर्डको संयुक्त आयोजनामा २०७५ बैशाख ७ गते International Auditing and Assurance Standards Board (IAASB) बाट सन् २०१६ मा जारी भएको International Quality Control, Auditing, Review, Other Assurance, and Related Services Pronouncements (2016-17 Edition) पुस्तकको आधारमा बोर्डले तयार गरेको Nepal Standards on Auditing 2018 को मस्यौदा उपर छलफल गर्न पार्षदहरू, समितिका सदस्यहरू र बोर्डका सदस्यहरू बीच एक दिने अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा, उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, निवर्तमान अध्यक्ष तथा Auditing Standards Implementation Committee का सभापति सिए. महेश खनाल, पूर्व अध्यक्ष सिए. प्रकाश लम्साल, पार्षदहरू, कार्यकारी निर्देशक, लेखापरीक्षणमान बोर्डका सदस्यहरू, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघका अध्यक्षको समेत उपस्थिति रहेको थियो ।

संस्थाको परिषद्ले नेपाल लेखापरीक्षणमान बोर्डको सुझावको आधारमा NSA 2018 को २०७५ श्रावण १ गते देखि स्वेच्छिक रूपमा लागु गर्ने निर्णय गरेको छ । त्यसैगरी, NSA ७०१ बाहेक NSA 2018 मा समावेश भएका अन्य सबै मानहरू अनिवार्य रूपमा लागु गर्नेछ ।

## संस्थाको रणनीतिक योजना स्वीकृत

परिषद्ले संस्थाको रणनीतिक योजना (Strategic Plan) २०१८-२०२० स्वीकृत गरेको छ । यस रणनीतिक योजनाले संस्थाको आगामी तीन बर्षको मार्गचित्र प्रस्तुत गरि संस्थालाई थप उचाईमा पुऱ्याउनुका साथै संस्थाको उद्देश्य प्राप्तिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस रणनीतिक योजनाले परिषद्, समितिहरू, संस्थाका विभागहरू आदिको कार्य संचालनमा सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ । पहिलो रणनीतिक योजनाको कार्यान्वयनबाट तथा त्यसबाट पाठ सिक्दै यो योजना तयार पारिएको हो ।

## आठौं परिषद्को निर्वाचन सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आठौं परिषद्को निर्वाचन २०७५ जेष्ठ २५ गते सम्पन्न भएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ को दफा ७ (३) अनुसार परिषद्मा १७ जना रहने व्यवस्था अनुरूप रजिष्टर्ड अडिटर तर्फ २०७४ चैत्र ३० मा नै ४ जना सदस्य निर्विरोध निर्वाचित हुनु भएको थियो भने चार्टर्ड एकाउन्टेन्ट तर्फ २०७५ जेष्ठ २५मा भएको निर्वाचन मार्फत १० जना निर्वाचित हुनु भएको छ । निर्वाचित सदस्यहरूको नामावली निम्न अनुसार रहेको छ ।

| क्र.सं | नाम | क्र.सं | नाम |
|---|---|---|---|
| १ | सिए. जगन्नाथ उपाध्याय निरौला | २ | सिए. सुरेन्द्र श्रेष्ठ |
| ३ | सिए. विष्णु प्रसाद भण्डारी | ४ | सिए. कृष्ण प्रसाद आचार्य |
| ५ | सिए. विद्यावारिधि सिग्देल | ६ | सिए. मदन कृष्ण शर्मा |
| ७ | सिए. किरण डंगोल | ८ | सिए. युद्धराज ओली |
| ९ | सिए. महेश शर्मा ढकाल | १० | सिए. पियुष आनन्द |
| ११ | आरए. केदार नाथ पौडेल | १२ | आरए. अव्दुल करिम खाँ |
| १३ | आरए. मीरा श्रेष्ठ | १४ | आरए. बहादुर सिंह विष्ट |



आठौं परिषद्को निर्वाचनको एक दृष्य

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ अनुसार १७ जना पार्षद् मध्ये चार्टर्ड एकाउन्टेन्ट तर्फ १० जना, रजिष्टर्ड अडिटर तर्फ ४ जना र महालेखा परीक्षकको सिफारिसमा नेपाल सरकारबाट मनोनित ३ जना सदस्य रहने व्यवस्था छ ।

## केन्द्रीय अनुसन्धान ब्यूरोमा बैठक

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा, अनुगमन समितिका संयोजक पार्षद सिए. सुरेश देवकोटा र कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हाले मिति २०७४ चैत्र २० गते केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख श्री पुस्कर कार्कीसंग भेट गर्नु भयो । भेटको अवसरमा वित्तीय क्षेत्र विशेष गरी लेखाव्यवसायको क्षेत्रमा अनुमति र पेशागत प्रमाणपत्र प्राप्त नगरी संचालित गतिविधिहरू बारे छलफल भएको थियो । साथै यस्ता गैरकानूनी लेखाव्यवसाय सम्बन्धी गतिविधिहरू नियन्त्रण गर्न संस्थाले केन्द्रीय अनुसन्धान ब्यूरोका अधिकृत स्तर वा उच्च अनुसन्धान अधिकृतहरूसंग अन्तरक्रिया गर्ने र उक्त गतिविधि नियन्त्रण गर्न सहकार्य गर्ने सहमति भएको छ ।

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावलीमा संशोधन

नेपाल सरकार, (मा. मन्त्रीस्तर) को निर्णयानुसार नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा बिभिन्न संशोधनहरू भएका छन् । त्यस मध्ये नियम ५३ र ५३ क ले तोकेको लेखापरीक्षण गर्न पाउने रकमको हदमा यही २०७५ श्रावण १ गतेदेखि लागु हुने गरी संशोधन भएको छ भने पंजीकृत परीक्षार्थी सम्बन्धी नियम २५(१) ले तोके अनुसार मूल प्रशिक्षकले एक पटकमा राख्न पाउने पंजीकृत परीक्षार्थीको संख्या २०७४ चैत्र १९ गते देखि लागु हुने गरी संशोधन भएको छ ।

## बृक्षारोपण कार्यक्रम

संस्थाले विश्व वातावरण दिवसको अवसरमा २०७५ जेठ २२ गते बृक्षारोपण कार्यक्रमको आयोजना गऱ्यो । सो दिन संस्थाको प्रधान कार्यालय परिसरमा बिभिन्न जातका बिरूवाहरू रोपिएको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा, पूर्व अध्यक्ष सिए. प्रकाश लम्साल, कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हा, विभागीय प्रमुखहरू लगायत संस्थाका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# विद्यार्थी सम्बन्धी क्रियाकलाप

## NFRS कक्षा संचालन

संस्थाले CAP III तहमा अध्ययनरत विद्यार्थीहरूलाई परीक्षाको तयारी तथा NFRS मा थप ज्ञान उपलब्ध गराउने उद्देश्यले २०७४ चैत्र १८ देखि २०७५ बैशाख १४ गतेसम्म NFRS कक्षा संचालन गरेको थियो । उक्त कक्षामा ६० जना विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

## संस्थाका Accreditated Institutes का पदाधिकारीहरूसंग छलफल

संस्थाका अध्यक्ष सिए प्रकाश जंग थापाको नेतृत्वको टोलीले २०७४ चैत्र २७ गते संस्थाका Accreditated Institutes हरूसंगको सहकार्यमा विद्यार्थीहरूको अध्ययन सामाग्री, योग्यता परीक्षा तथा समसामयिक विषय बस्तु उपर छलफल गऱ्यो । उक्त छलफलमा संस्थाका अन्य पदाधिकारीहरूमा पूर्व अध्यक्ष तथा बोर्ड अफ स्टडिजका सभापति सिए. प्रकाश लम्साल र कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हा र उप निर्देशक द्वय सिए. गौरव श्रेष्ठ र सिए. उत्सव बरालको सहभागिता रहेको थियो ।

## चार्टर्ड एकाउन्टेन्सी शिक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रम

संस्थाले २०७५ बैशाख १४ गते काठमाडौंमा विभिन्न ५० विद्यालय तथा कलेजका प्रधानाध्यापक तथा लेखा विषयका शिक्षक र प्राध्यापकहरूको सहभागितामा एक दिने चार्टर्ड एकाउन्टेन्सी शिक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हाले स्वागत मन्तव्य दिनु भएको थियो । उप निर्देशक सिए. गौरव श्रेष्ठले चार्टर्ड एकाउन्टेन्सी शिक्षा पूरा गरे पश्चात प्राप्त हुने वृत्ति विकासका अवसरहरूको बारेका जानकारी प्रदान गर्नु भएको थियो । संस्थाका अध्यक्षले सहभागीहरूको जिज्ञासाको उत्तर दिनु भएको थियो ।

यस अन्तरक्रिया कार्यक्रममा अध्यक्ष सिए. प्रकाश जंग थापा, उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, बोर्ड अफ स्टडिजका सदस्य आरए. गणेश राज राई, कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हा र शिक्षा विभागका उप निर्देशक सिए. गौरव श्रेष्ठको उपस्थिति रहेको थियो ।

## श्रोत व्यक्तिहरूसंग अन्तरक्रिया कार्यक्रम

संस्थाले मिति २०७५ बैशाख २२ गते चार्टर्ड एकाउन्टेन्सी परीक्षा सम्बन्धी कार्यमा संलग्न रहेका श्रोत व्यक्तिहरूसंग संस्थाको प्रधान कार्यालयमा अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो । यस कार्यक्रमको उद्देश्य हाल संचालनमा रहेको परीक्षा प्रणालीलाई अफ सुदृढ बनाउन श्रोत व्यक्तिहरूको प्रतिक्रिया लिने, सल्लाह सुझावहरू आपसमा आदान प्रदान गर्ने र संस्थाका अपेक्षालाई स्पष्ट पार्ने रहेको थियो । कार्यक्रममा संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा, उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, परीक्षा समितिका सदस्यहरू, कार्यकारी निर्देशक र परीक्षा विभागका कर्मचारीहरूको उपस्थिति थियो । अन्तरक्रिया कार्यक्रममा ८० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

## वृहत सिए. शिक्षा मेला सम्पन्न

संस्थाको बोर्ड अफ स्टडिजले सिए शिक्षा बारे जानकारी उपलब्ध गराउने उद्देश्यले संस्थाबाट सम्बन्धन प्राप्त संस्थाहरूसंग (Accredited Institutes) को सहकार्यमा मिति २०७५ बैशाख ३१ गते (14 May, 2018) काठमाडौंमा एक दिने वृहत सिए शिक्षा मेला (Grand CA Education Fair 2018) आयोजना गऱ्यो ।

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाले वृहत सिए. शिक्षा मेलाको उद्‌घाटन गर्नु भएको थियो । कार्यक्रमको उद्‌घाटन गर्दै उहाँले सिए. शिक्षाको महत्व माथि प्रकाश पार्नु भएको थियो । सो उद्‌घाटन कार्यक्रममा उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, पार्षदहरू, कार्यकारी निर्देशक, बोर्ड अफ स्टडिजका सदस्यहरू, संस्थाका कर्मचारीहरू लगायत संस्थाबाट सम्बन्धन प्राप्त कोचिङ्ग इन्स्टिच्यूटका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो ।

यस वृहत सिए शिक्षा मेलाको मुख्य उद्देश्य विद्यार्थी तथा अभिभावकहरूलाई सिए अध्ययन गर्न चाहिने आवश्यक योग्यता, भर्ना प्रक्रिया र सिए शिक्षा पूरा गरिसके पछि प्राप्त हुने वृत्ति विकासका अवसरहरूको वारेमा सहज र सरल तरिकाले जानकारी प्रदान गर्नु रहेको थियो । कार्यक्रममा विद्यार्थी तथा अभिभावकहरू गरी २०० जना भन्दा बढीले मेलाको भ्रमण गरी सिए शिक्षा सम्बन्धी आवश्यक जानकारी लिनु भएको थियो ।

## रजिष्टर्ड अडिटर वर्गवृद्धि परीक्षा

संस्थाले जून १ देखि जून ५, २०१८ मा संचालन गरेको वर्गवृद्धि परीक्षामा एक जनाले ग वर्गबाट ख वर्गमा वर्गवृद्धिको लागि आवेदन फाराम भरेका थिए र परीक्षामा पनि सामेल भएका थिए ।

## बिद्यार्थी भर्ना

लेखाव्यवसायमा संलग्न हुन चाहने बिद्यार्थीहरूको निमित्त चार्टर्ड एकाउन्टेन्सी कोर्ष आकर्षक कोर्षको रूपमा रहदै आएको छ । अप्रिल २०१८ देखि जून २०१८ सम्ममा निम्न अनुसार नयां बिद्यार्थीहरूले सिए कोर्षका बिभिन्न तहमा आफ्नो नाम दर्ता गराएका छन् ।

| तह | CAP I | CAP II | CAP III |
|---|---|---|---|
| भर्ना स्थिति | १०४८ | ६ | २४ |

## विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गर्नेहरूको लागि एक बर्षे Internship

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ (पाँचौं संशोधन) को नियम ४१ (क) ले विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता हासिल गर्नेहरूको लागि संस्थाको सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त गर्न एक बर्षे Internship गर्नुपर्ने व्यवस्था गरेको छ । अप्रिल २०१८ देखि जून २०१८ सम्म भारतको ICAI बाट परीक्षा उत्तीर्ण गरेका कूल ८९ जनाले एक बर्षे Internship को लागि आफ्नो नाम दर्ता गराएका छन् ।

## चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षा सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले CAP I, CAP II र CAP III तहको परीक्षा जून १, २०१८ मा शुरू भई जून ११, २०१८ मा सम्पन्न भयो । संस्थाको केन्द्रीय कार्यालय लगायत संस्थाको शाखाहरूमा समेत परीक्षा संचालन गरिएको थियो । केन्द्रीय कार्यालयमा CAP I, CAP II र CAP III तीन तहको परीक्षा संचालन गरियो भने शाखा कार्यालयहरू पोखरा, विराटनगर र वीरगंजमा CAP I र CAP II तहका परीक्षा संचालन गरिएका थिए । त्यसैगरी बुटवलमा CAP I तहको मात्र परीक्षा संचालन गरिएको थियो । परीक्षाको लागि आवेदन दिई परीक्षामा सामेल हुने परीक्षार्थीको तहगत संख्या निम्न अनुसार रहेको थियो ।

| तह | आवेदन/सामेल | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| CAP I | आवेदन | | | | ७२९ |
| | सामेल | | | | ६९८ |
| CAP II | आवेदन | ८१० | ३४१ | २८७ | १४३८ |
| | सामेल | ७५८ | २७२ | २५७ | १२८७ |
| CAP III | आवेदन | १८० | २५४ | १६१ | ५९५ |
| | सामेल | १७१ | २२२ | १३३ | ५२६ |

कूल २७६२ परीक्षार्थीको आवेदनमा कम्तिमा एकवटा विषयको परीक्षामा सामेल हुने बिद्यार्थी संख्या २५११ रहेको थियो ।

## सदस्यता परीक्षा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जून ५, २०१८ र जून ७, २०१८ मा सदस्यता परीक्षाको निमित्त अनिवार्य विषयहरू कर्पोरेट ल र एडभान्स टेक्सेसनको परीक्षा सम्पन्न गऱ्यो । उक्त परीक्षामा विदेशी चार्टर्ड एकाउन्टेन्सी संस्थाबाट चार्टर्ड एकाउन्टेन्टको सदस्यता लिई पेशागत प्रमाणपत्र प्राप्त गरेका २५३ जनाले आवेदन फाराम भरेकोमा १९७ जनाले कर्पोरेट ल १८७ जनाले एडभान्स टेक्सेसनको परीक्षा दिएका थिए । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ अनुसार विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता प्राप्त गरेको व्यक्तिले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता परीक्षा अनिवार्य रूपमा उत्तीर्ण गर्नुपर्ने प्रावधान छ । सदस्यता परीक्षा उत्तीर्ण भएपछि मात्र ती परीक्षार्थीहरू संस्थाको सदस्यताको लागि योग्य हुने कानूनी व्यवस्था छ ।

## करीयर काउन्सलिङ्ग

संस्थाले बिद्यार्थीहरूवीच सिए शिक्षाको महत्व बारे जानकारी गराउने उद्देश्यले देशका विभिन्न स्थानमा नियमित रूपमा करीयर काउन्सलिङ्ग कार्यक्रम संचालन गर्दैआएको छ । यसै क्रममा अप्रिल २०१८ देखि जून २०१८ को अवधिमा काठमाडौं उपत्यकामा करिब ८०० र उपत्यका बाहिर करिब ४०० जनाले करीयर काउन्सलिङ्ग मार्फत सिए. शिक्षा सम्बन्धी जानकारी प्राप्त गरेका थिए ।

# सदस्य सम्बन्धी गतिविधि

## क्षमता अभिबृद्धि तालिम

संस्थाले बिभिन्न मितिमा लेखापरीक्षक सदस्यहरूलाई लक्षित गरि सदस्य क्षमता अभिबृद्धि तालिम Data Analytics for Auditors संचालन गरेको छ । यस तालिममा Excel तथा विभिन्न लेखापरीक्षण औजारहरूका प्रयोगका सम्वन्धमा प्रयोगात्मक रूपमा जानकारी गराईएको थियो ।

तालिमको विस्तृत विवरण निम्न अनुसार रहेको छ ।

| क्र.सं | तालिमको ठेगाना | तलिमको मिति | सहभागी संख्या |
|---|---|---|---|
| १ | काठमाडौं | २०७५/०१/४-६ | ३१ |
| २ | विर्तामोड, झापा | २०७५/०२/५-७ | २३ |
| ३ | नेपालगंज, बाँके | २०७५/०२/११-१३ | २४ |
| ४ | पोखरा, कास्की | २०७५/०२/१८-२० | १७ |
| ५ | भरतपुर, चितवन | २०७५/०२/२६-२८ | २४ |

स्रोत व्यक्तिको रूपमा तालिमको संचालन सिए. मुकुन्द पोखरेलले गर्नु भएको थियो ।

## NFRS for SMEs तालिम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सदस्यहरूको क्षमता अभिबृद्धिको लागि सिराहाको लाहानमा असार ८ र ९, २०७५ मा दुईदिने क्षमता अभिबृद्धि तालिम संचालन गऱ्यो । तालिममा NFRS for SMEs का विभिन्न शीर्षकहरू बारे सदस्यहरूलाई जानकारी उपलब्ध गराईएको थियो । उक्त कार्यक्रम क्षमता अभिबृद्धि समितिका सभापति एवं पार्षद आरए. सूर्य प्रसाद अधिकारी र सह निर्देशक श्री विनोद प्रसाद न्यौपानेको उपस्थितिमा संचालन भएको थियो । सिए. निर्मल बर्तौला र सिए. सूर्य विक्रम कुंवर श्रोत व्यक्तिको रूपमा रहनु भएको सो कार्यक्रममा २५ जना सदस्यको सहभागिता रहेको थियो ।

# अन्तर्राष्ट्रिय सम्बन्ध

## अन्तर्राष्ट्रिय सार्वजनिक वित्तीय क्षेत्र व्यवस्थापन सम्मेलन सम्पन्न

Confederation of Asian and Pacific Accountants (CAPA) को सहकार्यमा संस्था तथा PEFA सचिवालयले संयुक्त रूपमा २०७५ बैशाख ३० मा होटल याक एन्ड यति काठमाडौंमा "Public Sector Financial Management – Enhanced Accountability and Transparency" विषयक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरको थियो ।




माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यू समारोहको उद्घाटन गर्नु हुंदै

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूले प्रमुख अतिथिको रूपमा समारोहको समुद्घाटन गर्नु भएको थियो । सो समारोहमा माननीय महालेखापरीक्षक टंक मणि शर्मा दंगालज्यू विशेष अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो ।

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाले समारोहमा सहभागीहरूलाई स्वागत गर्दै आयोजना गर्नुको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । केन्द्रिकृत राज्य प्रणालीबाट देश संघीय प्रणालीमा रूपान्तरित भएको अवस्थामा सार्वजनिक क्षेत्र वित्तीय व्यवस्थापनलाई सुदृढ बनाउन सरकारी संगठनमा लेखा व्यवसायीहरूको संलग्नताको प्रशस्त गुञ्जाइस रहेको धारणा व्यक्त गर्नु भएको थियो ।

समारोहमा बोल्दै माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूले देशको हालको विद्यमान सार्वजनिक वित्तीय व्यवस्थापनका मुद्दाहरू तथा वित्तीय नीति र बजेटसंग अन्तर सम्बन्धित रहेको विचार व्यक्त गर्नु भएको थियो । उहाँले सरकारी राजस्व बृद्धिको लागि भष्ट्राचार निर्मूल गर्न आवश्यक पर्ने हुनाले यसमा लेखापरीक्षकहरूको भूमिकाको महत्व बारेमा ध्यानाकर्षण गराउनु भएको थियो । उहाँले हालको देशको परिवर्तित शासकीय संरचना अनुसार संस्थागत र नितिगत आधारहरू तयार पार्नु आवश्यक रहेको धारणा समेत राख्नु भएको थियो ।

त्यस्तै, माननीय महालेखापरीक्षक टंक मणि शर्मा दंगालज्यूले सुशासनको लागि संस्था तथा संस्थाका सदस्यहरूको भूमिकाका बारेमा आफ्नो धारणा राख्दै शैक्षिक पाठ्यक्रममा NFRS तथा NPSAS लाई समावेश गर्न सकेमा सार्वजनिक वित्त व्यवस्थापनमा सहयोग पुग्ने विचार व्यक्त गर्नु भएको थियो । उहाँले प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनको माध्ययमबाट हाल देशको परिवर्तित प्रणालीलाई सहयोग पुग्ने धारणा समेत राख्नु भएको थियो ।

सम्मेलनमा CAPA का अध्यक्ष सिए. मनोज फड्निस, साफाका अध्यक्ष सिए. (डा.) सुवोध कुमार कर्णले समारोहको महत्वका बारेमा प्रकाश पार्नु भएको थियो । सम्मेलनमा The Institute of Chartered Accountants of Bangladesh (ICAB) का अनुरूद्धिन चौधरीले Key Note Speaker को रूपमा आफ्नो धारणा राख्नु भएको थियो ।

संस्थाका पूर्व अध्यक्ष तथा CAPA का निर्देशक एवं कार्यक्रम संयोजक सिए. प्रकाश लम्सालले सुरुवाती सत्रको अन्तमा सहभागिताको लागि सवैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विशेषज्ञता हासिल गरेका व्यक्तिहरूले बिभिन्न चारवटा प्राविधिक सत्रमा सार्वजनिक क्षेत्र व्यवस्थापन सम्बन्धी वेग्ला वेग्लै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

सम्मेलनमा साफा तथा कापा सदस्य राष्ट्रका प्रतिनिधिहरूले सहभागिता जनाएका थिए । यस सम्मेलनमा CAPA संस्थाका सदस्य राष्ट्रहरूका प्रतिनिधिहरू, साफा सदस्य संस्थाका प्रतिनिधिहरू, सरकारी संस्था तथा व्यावसायिक संस्थाका प्रतिनिधिहरू, संस्थाका सदस्यहरू तथा काठमाडौं स्थित विकास नियोगका प्रतिनिधिहरू गरी २२० भन्दा बढी व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

सम्मेलनमा संघीय संरचनामा सार्वजनिक वित्त व्यवस्थापनका अवधारणाको कार्यान्वयनमा रहेको चुनौती र सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ गर्नमा सम्बद्ध पक्षहरूको तयारीलाई बल पुऱ्याउने तरिकाहरू उपर केन्द्रित थियो । सार्वजनिक वित्त व्यवस्थापनको पुनरसंरचना तथा सुधारको लागि लेखा व्यवसायीहरूको महत्व र भूमिका बारे प्रकाश पार्ने उद्देश्यले प्राविधिक सत्रहरू केन्द्रित रहेका थिए ।

## CAPA का बोर्ड तथा समिति बैठकहरू

संस्थाले मिति २०७५ बैशाख २८ गते काठमाडौंमा CAPA को Director Meeting, Governance and Audit Committee Meeting, Accounting Technician Task Force Meeting र Public Sector Financial Management Committee Meeting को आयोजना गऱ्यो । बैठकहरूमा CAPA का सदस्य राष्ट्रहरूको प्रतिनिधित्व रहेको थियो ।



CAPA बोर्ड बैठकको एक झलक

CAPA का अध्यक्ष सिए. मनोज फड्निसले सभापतित्व गर्नु भएको बोर्ड बैठकमा CAPA का निर्देशकहरू र CAPA का बिभिन्न समितिका सदस्यहरूको उपस्थिति रहेको थियो ।

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाले Public Sector Financial Management समितिको बैठकमा नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनलाई सुदृढ गर्न नेपाल सरकारले थालनी गरेका कदमहरूको बारेमा जानकारी गराउनको साथै संस्थाको कार्ययोजना र प्रगति बारेमा जानकारी गराउनु भएको थियो । बैठकमा संस्था र CIPFA संग हालै भएको संभौताका बारेमा पनि छलफल भएको थियो ।

## CAPA Members Meeting तथा Annual General Meeting

संस्थाले मिति २०७५ बैशाख ३० गते काठमाडौंमा CAPA Members Meeting तथा Annual General Meeting आयोजना गऱ्यो ।

CAPA का अध्यक्ष सिए. मनोज फड्निसले बैठकका सहभागीहरूलाई स्वागत गर्नु हुंदै संस्थाले आयोजना गरेको कार्यक्रमको सफलताको लागि शुभेक्षा प्रकट गर्नु भएको थियो । संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाले संस्थालाई विश्वास गरि CAPA का बिभिन्न कार्यक्रमहरू आयोजना गर्ने अवसर प्रदान गरेकोमा CAPA प्रति आभार प्रकट गर्नु भएको थियो । संस्थाका अध्यक्षले यस प्रकारको कार्यक्रमको आयोजनाबाट लेखाव्यवसायी संस्थाहरूको भूमिका सवल हुने धारणा राख्नु भएको थियो ।

CAPA Members Meeting मा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय जगतमा लेखाव्यवसायको क्षेत्रमा देखिएका बिभिन्न मुद्दाहरूका साथै नियमित विषयवस्तु उपर छलफल गरिएको थियो । नियमित एजेण्डा बाहेक यस बैठकमा स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन सम्बन्धी Communicating Key Audit Matters (KAM) का बारेमा समेत प्रस्तुतिकरण गरिएको थियो ।

CAPA Members Meeting तथा Annual General Meeting मा २३ राष्ट्रका ५० भन्दा बढीको सहभागिता रहेको थियो ।

## साफा बोर्ड बैठक सम्पन्न

संस्थाले २०७५ बैशाख २८ गते काठमाडौंमा साफाको ५२औं बोर्ड बैठकको आयोजना गऱ्यो । संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाले साफा सदस्य राष्ट्रहरूबाट आउनु भएका बैठकका प्रतिनिधिहरूलाई स्वागत गर्नु भएको थियो । संस्थाले साफाको अनुरोधमा CAPA कार्यक्रमको अवसर पारेर साफा बोर्ड बैठकको आयोजना गरेको थियो ।




SAFA बोर्ड बैठकको झलक

बैठकमा साफा अध्यक्ष तथा संस्थाका पूर्व अध्यक्ष सिए.(डा.) सुवोध कुमार कर्णले साफा बोर्ड बैठकको सभापतित्व गर्नु भएको थियो । बैठकमा संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा, उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, निवर्तमान अध्यक्ष सिए. महेश खनाल, पूर्व अध्यक्ष सिए. प्रकाश लम्साल, साफाका पूर्व अध्यक्ष तथा संस्थाका पूर्व अध्यक्ष सिए. कोमल बहादुर चित्रकार, कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हा, साफा सदस्य राष्ट्रका प्रतिनिधिहरू लगायत World Bank र CA ANZ का पदाधिकारीहरू गरी २६ जनाको उपस्थिति रहेको थियो । बैठकमा लेखाव्यवसाय क्षेत्रमा भएका गतिविधिहरू, साफामा महिला सशक्तिकरण समिति (Women Empowerment Committee) को विस्तार, लेखापरीक्षण गुणस्तर आदि विषयमा छलफल भएको थियो ।

सोही अवसरमा साफा तथा CAPA को संयुक्त बैठकको समेत आयोजना गरिएको थियो । यस संयुक्त बैठक आयोजनाको उद्देश्य दुई क्षेत्रीय लेखाव्यवसायी संस्थाहरू वीच आपसी सहयोग साथै लेखाव्यवसायको क्षेत्रमा देखिएका समस्याहरूका समाधानार्थ सांघुको काम गर्नु रहेको थियो ।

## लेखापरीक्षण गर्न पाउने हदमा भएको परिवर्तन बारे जरुरी सूचना

नेपाल सरकार, (मा.मन्त्रीस्तर)को निर्णयानुसार नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ को नियम ५३ र ५३ क ले तोकेको लेखापरीक्षण गर्न पाउने हदमा यही २०७५ श्रावण १ गते देखि लागु हुनेगरि निम्नानुसार संशोधन भएको व्यहोरा सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) पेशागत प्रमाणपत्र प्राप्त चार्टर्ड एकाउन्टेन्ट सदस्यले जतिसुकै रकम

(ख) ख बर्गको पेशागत प्रमाणपत्र प्राप्त दर्तावाला लेखापरीक्षक सदस्यले १(एक) अर्व रूपैया रकम रूपैया सम्म ।

(ग) ग बर्गको पेशागत प्रमाणपत्र प्राप्त दर्तावाला लेखापरीक्षक सदस्यले २५ (पच्चीस) करोड रूपैया रकम सम्म ।

(घ) घ बर्गको पेशागत प्रमाणपत्र प्राप्त दर्तावाला लेखापरीक्षक सदस्यले ५ (पाँच) करोड रूपैया रकम सम्म ।

नियम ५३ क अनुसार लेखापरीक्षण गर्न अनुमति पत्र प्राप्त गरेका लेखा प्राविधिज्ञहरूले परिषद्ले तोकेको आचार संहिताको अधिनमा रही लेखा प्राविधिज्ञ अनुमति पत्रको आधारमा रू २० (बीस) करोड रूपैया रकमको हदसम्म लेखापरीक्षण गर्न सक्नेछ ।

स्पष्टीकरणः नियम ५२ क, ५३ तथा नियम ५३ क को प्रयोजनको लागि "रकम" भन्नाले वासलातमा उल्लेख भएको जायजेथा वा दायित्वको रकम सम्भनु पर्छ र सो शब्दले वासलात तयार नगर्ने संस्थाको हकमा नाफा नोक्सान वा आम्दानी वा खर्चको कुल अंकमा उल्लेखित रकम समेतलाई जनाउनेछ ।

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
ICAN मार्ग, सातदोबाटो, ललितपुर पो. ब. नं. ५२८९ (काठमाडौं), फोनः ०१-५५३०८३२ ५५३०७३०
फ्याक्सः ००९७७ १ ५५५०७७४, इमेलः ican@ntc.net.np, वेवसाइटः www.ican.org.np
शाखाहरूः विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज र धनगढी